आज मिति २०८२/१/३ गते बैजनाथ गाउँपालिकाका अध्यक्ष श्री प्रकाश वहादुर शाहीको अध्यक्षता तथा कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरीयो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री प्रकाश वहादुर शाही | अध्यक्ष | |
| श्री निर्मला रोकाया | उपाध्यक्ष | |
| श्री रुप वहादुर मल्ला | वडा नं १ अध्यक्ष | |
| श्री राजु रुचाल ठकुरी | वडा नं २ अध्यक्ष | |
| श्री निखिल बैगार | वडा नं ३ अध्यक्ष | |
| श्री प्रेम वहादुर शाही | वडा नं ४ अध्यक्ष | |
| श्री देव वहादुर रावत | वडा नं ५ अध्यक्ष | |
| श्री भुपाल पुन मगर | वडा नं ६ अध्यक्ष | |
| श्री दिनेश कुमार थारु | वडा नं ७ अध्यक्ष | |
| श्री भगन थारु | वडा नं ८ अध्यक्ष | |
| ~~श्री रुपा थापा~~ | ~~का पा सदस्य~~ | |
| श्री भुमिसरा राना | का पा सदस्य | |
| श्री मन्जु ओली | का पा सदस्य | |
| श्री कृष्णा कुमारी सुनार | का पा सदस्य | |
| श्री फरुद्दिन हलवाई | का पा सदस्य | |
| श्री कमान सिह सुनार | का पा सदस्य | |
| श्री धर्मराज न्यौपाने | सदस्य सचिव | |
| श्री तप्तराज आचार्य | शाखा अधिकृत | |

प्रस्तावहरु:

१. स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा आशय पेश गर्ने सम्बन्धमा ।

२. आर्थिक सहयोग सम्बन्धमा ।

३. करार कर्मचारी व्यवस्थापन कार्यविधि पारित गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौको मिति २०८१/११/१५ गते प्रकाशित सूचना बमोजिम स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) का लागि देहाय बमोजिमका यस गाउँपालिकाको इच्छा र प्रतिबद्धता तथा योजना सहितको आशयपत्र पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. यस गाउँपालिकाको इच्छा र प्रतिबद्धता

क. यस गाउँपालिका पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न इच्छुक तथा प्रतिबद्ध छ ।

ख. यस गाउँपालिका स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्बन इच्छुक तथा प्रतिबद्ध छ ।

ग. यस गाउँपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्न इच्छुक तथा प्रतिबद्ध छ ।

२. यस गाउँपालिकाले वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP)सँगको सहलगानीको हिस्सा बिनियोजन गर्न प्रतिबद्ध छ ।

३. यस गाउँपालिका पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्न प्रतिबद्ध छ ।

४. यस गाउँपालिका स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्न प्रतिबद्ध छ ।

योजनाको विवरण

| क.सं. | योजनाको विवरण | कैफियत |
|---|---|---|
| १. | बैजनाथ-१, बाँकि र बाँसगढी न.पा.-२, राँझा, बर्दिया जोड्ने करेली खोलामा १२०मि स्पानको झोलुंगे पुल निर्माण | |

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

२. प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व. २०८०/८१ मा आहान भई कार्यान्वयनमा रहेका ठेका नं १ र ७ को कार्य हाल रोकिन गई समयमा कार्यसम्पन्न हुन नसकेको र सो कार्य सम्पन्न गर्नको लागि सम्बन्धित निर्माण कम्पनिलाई मौखिक तथा लिखित रुपमा जानकारी गराउदा समेत कुनै प्रतिकिया नदिएको हुनाले सम्बन्धित ठेक्काका निर्माण कम्पनिलाई आवश्यक कारवाहीको लागि प्रकिया अघि बढाउने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुको जग्गा प्राप्तिका लागि लगत प्रविष्ट, निस्सा बितरण र जग्गा नापजाँचका सम्बन्धमा देखिएका समस्याहरुको समाधानका लागि पालिका स्तरीय सहजीकरण समितिको बैठक आहान गरी सम्बन्धित समस्याका समाधानका लागि आवश्यक पहलकदमी गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा गर्भवती महिला तथा किशोरीहरुलाई उपलब्ध गराउदै आई रहेको आइरन चक्की यस अधि संघीय सरकारले यस कार्यालयलाई उपलब्ध गराउदै आएकोमा यस बर्ष उक्त आइरन चक्की उपलब्ध नभएको र गर्भवती महिला तथा किशोरीहरुलाई उक्त चक्की खुवाउनु अनिबार्य जस्तै भएको हुँदा आवश्यक स्रोत हेरी सम्बन्धित लाभग्राहीहरुलाई वितरण गर्ने प्रयोजनार्थ आइरन चक्की कर्मचारी तलव शिर्षकबाट रु २ लाख रुपैया बिनियोजन गरी खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस बैजनाथ गाउँपालिकाको किसानसँग पालिका प्रमुख कृषि कार्यक्रम संचालन कार्यविधि, २०८०' मा उल्लेख भएका तपसिलका बुंदाहरु संसोधन गर्ने निर्णय गरियो ।

१. किसान संग पालिका प्रमुख कार्यक्रम कार्यविधिमा साना तथा बिपन्न किसानलाई पुर्ण अनुदान दिन सकिने व्यवस्था थप गर्ने ।

२. ७० प्रतिशत अनुदानमा संचालित कार्यक्रमहरु प्रदेश तथा स्थानीय तहमा सशर्त /बित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सन्चालन सम्बन्धी ( मिति २०८१/०६/२२ को मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत कार्यविधि २०८१ मा उल्लेखित कार्यान्वयन प्रकृया अपनाइ कार्यान्वयन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको बैठक/ सभाहलमा आवश्यक भएको पर्दा, फर्निचर लगायतका सामग्रीहरु व्यबस्थापन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासकीय भवनमा रहेको सभाहलमा गाउँसभा, कार्यपालिकाको बैठक तथा अन्य कार्यालय प्रयोजनको लागि मात्र प्रयोग गर्ने गरी व्यबस्थापन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिकाको तालिम हलमा गाउँपालिका वा अन्तरगतका निकाय बाहेकका संघ, संस्था वा निकायले तालिम/ कार्यक्रम राख्न चाहेमा रु.१,०००|- (एक हजार) रुपैया राजश्व दाखिला गरी भाडामा दिन सकिने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा यस बैजनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक नियमित रुपमा हरेक महिनाको ५ गते दिनको २:०० बजे बस्ने निर्णय गरियो ।

१०.प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउँ पालिका अन्तरगत निर्माणाधीन १५-सैयाको अस्पतालको निर्माण तथा रकम भुक्तानीको लागि बजेट सुनिस्चितता गरिदिनु हुन श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अर्थ मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं ११ माथि छलफल गर्दा किसानसंग पालिका प्रमुख कार्यक्रम अन्तर्गत कृषि यन्त्रीकरण कार्यक्रमका लागि आवश्यक कृषि यन्त्रहरु खरिद कार्यको लागि देहायको दररेट स्वीकृतिको लागि ....... समितिबाट आएको सिफारिस लाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | सामाग्रीको नाम र प्रति इकाई दररेट | स्वीकृत मुल्य |
|---|---|---|

प्रकाश बहादुर शाही
अध्यक्ष

| सि. नं. | सामाग्रीको नाम र प्रति इकाई दररेट | स्वीकृत मुल्य |
|---|---|---|
| १ | इ- लोडिंग अटो रिक्सा | ३२०००० |
| २ | मिनी टिलर (९ HP) सेल्फ स्टार्ट डिजेल इन्जिन | ८०००० |
| ३ | पावर टिलर (२२ HP) सेल्फ स्टार्ट डिजेल इन्जिन | २१५००० |
| ४ | राइस प्लान्टर (३.७२KW) | ५११६०० |
| ५ | कम्बाइन मिनी हार्भेस्टर (१९.८०KW) | ४२६१००० |
| ६ | इलेक्ट्रिक च्याफ कटर(२HP) | २९५०० |
| ७ | पोटाटो प्लान्टर सेमी अटोमेटिक | ४६६००० |
| ८ | पोटाटो प्लान्टर अटोमेटिक | ४६६९०० |

१२.प्रस्ताव नं १२ माथि छलफल गर्दा तपसिल अनुसारका संघ संस्था/ व्यक्तिले आर्थिक सहयोग माग गरेको हुनाले उल्लेखित संस्था/ व्यक्तिलाई देहायको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | आर्थिक सहयोग माग गर्ने संस्था/ व्यक्ति | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १. | भिम बहादुर पुन मगर, बैजनाथ-५, बाँके | रु.१५,०००।- | |
| २. | भिमे कामी, बैजनाथ-३, बाँके | रु. ५,०००।- | |
| ३. | युनाइटेड भिजन क्रिकेट क्लब, | रु.१५,०००।- | |
| ४. | नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजबादी) | रु.१०,०००।- | |
| ५. | नेपाल पत्रकार महासंघ, लुम्बिनी प्रदेश | रु.१५,०००।- | |
| ६. | दल बहादुर बुढा क्षेत्री, बैजनाथ-२, बाँके | रु.५,०००।- | |
| ७. | रामबिलास थारु, बैजनाथ-७, बाँके | रु.५,०००।- | |
| ८. | ने.का.-बैजनाथ गाउँ कार्य समिति | रु.१०,०००।- | |
| ९. | रास्ट्रिय जनमोर्चा | रु.१०,०००।- | |
| १०. | संचारिका समुह नेपाल बाँके शाखा | रु.१०,०००।- | |
| ११. | लिला उपाध्याय, बैजनाथ-२, बाँके | रु. ६,०००।- | |
| १२. | किस्मतुल हलवाई, बैजनाथ-५, बाँके | रु. ७,०००।- | |
| १३. | लाल बहादुर कटुवाल, बैजनाथ-२, बाँके | रु. ६,०००।- | |
| १४. | ममि कमिनी, बैजनाथ-३, बाँके | रु. ६,०००।- | |
| १५. | नेपाल जनस्वास्थ्य संघ, लुम्बिनी प्रदेश | रु. १०,०००।- | |
| १६. | नेपाल थारु संघ, जिल्ला कार्य समिति, बाँके | रु. १०,०००।- | |
| १७. | अखिल नेपाल महिला संघ, लुम्बिनी प्रदेश | रु. १०,०००।- | |
| १८. | लाल आवाज साप्ताहिक, नेपालगंज, बाँके | रु. १०,०००।- | |
| १९. | समानता मिडिया फाउन्डेसन | रु. १०,०००।- | |
| २०. | बिर बहादुर रोकाय क्षेत्री, बैजनाथ-२, बाँके | रु. ६,०००।- | |
| २१. | नेपाल निजामती यूनियन | रु १००००। | |
| २२ | हजरत जिन्नात शाह बाबा | रु ५०००। | |

१३.प्रस्ताव नं १३ का सम्बन्धमा छलफल गर्दा किसान संग पालिका प्रमुख कार्यक्रम अन्तरगत गत वर्ष बनेका तपसिलमा उल्लेखित सिचाइ बाँध मर्मत संभारका लागि २० लाख र समृद्धिका लागि वन परियोजनामा विनियोजन

१४.भएको रु २० विनियोजन भएकोमा देहाय बमोजिम योजनामा मर्मत खर्च विनियोजन गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|

**प्रस्तावहरु:**

१. प्रदेश समपूरक योजना पेश गर्ने सम्बन्धमा ।
२. आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउने सम्बन्धमा ।
३. सहजीकरण समिति मार्फत समस्याको समाधान निकास खोज्ने सम्बन्धमा ।
४. आइरन चक्की खरिद गर्ने सम्बन्धमा ।
५. कार्यविधि संशोधन गर्ने सम्बन्धमा ।
६. सभाहलमा आवश्यक सामग्री व्यवस्थापन सम्बन्धमा ।
७. सभाहलको प्रयोग सम्बन्धमा ।
८. तालिम हलको भाडा तोक्ने सम्बन्धमा ।
९. नियमित कार्यपालिकाको बैठक बस्ने सम्बन्धमा ।
१०.१५-सैयाको अस्पतालको लागि बजेट सुनिस्चितता सम्बन्धमा ।
११.लागत अनुमान/ दररेट स्वीकृत गर्ने सम्बन्धमा ।
१२.आर्थिक सहयोग सम्बन्धमा ।
१३.किसान संग पालिका प्रमुख कार्यक्रम सिचाइ वांध मर्मत सम्बन्धमा ।
१४. गाउँपालिका स्तरीय पूर्ण खोप घोषणा कार्यक्रम स्वयंसेविका यातायात खर्च सम्बन्धमा।
१५. बैजनाथ वडा नं ३ र ५ को थप काम सम्बन्धमा ।
१६. ठेक्का म्याद थप सम्बन्धमा ।
१७.आधरभुत तह उत्तिर्ण परिक्षा कक्षा ८ परिक्षा संचालन मापदण्ड स्वीकृत सम्बन्धमा ।
१८.योजना संशोधन सम्बन्धमा ।
१९.कृषि एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ सम्बन्धमा ।
२०. बजेट रकमान्तर र कार्यक्रम संशोधन सम्बन्धमा ।
२१.छुट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका (देउखुरी) नेपाल को प.सं. २०८१/८२ च.नं. ६६७ मिति २०८१/१२/२९ गतेको पत्रानुसार आ.व. २०८२/८३ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन हुने तपसिल अनुसारको आयोजना पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | योजनाको विवरण | कैफियत |
|---|---|---|
| १. | रत्न राजमार्ग देखि गाभार लाइन्सपार्क होमस्टे जोड्ने सडक स्तरउन्नत कालो पत्रे बैजनाथ १ | समपुरक |
| २. | रिहारपुर थपुवा सडक स्तरउन्नत कालोपत्रे बैजनाथ वडा नं ८ | समपुरक |
| | विशेष अनुदान | |
| १ | स्वच्छ खानेपानी योजना वड नं ५ र ६ | विशेष अनुदान |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र बनकटुवा बाँकेका लागि डिजिटल एक्सरे मेसिन [DR] १, डिजिटल भिडियो एक्सरे मेसिन १ र वायो केमेस्ट्री फुल्ली अटो एनालाईजर मेसीन १ | विशेष अनुदान |

बैजनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँके २०७३

प्रकाश बहादुर शाही
अध्यक्ष

१९ प्रस्ताव नं १९ का सम्बन्धमा छलफल गर्दा यस कार्यालयमा खरिद भएको कृषि एम्बुलेन्सको उपयोग गर्ने प्रयोजनाकालागी " कृषि एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

२० प्रस्ताव नं २० का सम्बन्धमा छलफल गर्दा वेहाय बमोजिम बजेट देहाय बमोजिम शिर्षकमा रकमान्तर तथा तथा संशोधन गर्ने निर्णय गरियो ।

क) बिभिन्न संघ संस्थासंग पूर्वाधार साझेदारी कार्यक्रम शिर्षकबाट मदरसा नुरुलहुदा निर्माण बैजनाथ १ मा रु १ लाख, एच गाउँलाइन क्षेत्रमा सडक वत्ती बैजनाथ ६ मा रु ५० हजार, प्रशंसा ए जी चर्च मर्मत बैजनाथ-१, करेली मा १ लाख २५ हजार र चिसापानी बजार व्यवस्थापन सडक वत्ती बैजनाथ १ मा रु १ लाख रकमान्तर गर्ने ।

ख) स्थानीय संघ संस्थासंग सहकार्यमा कार्यक्रम शिर्षकवाट बैजनाथ वडा नं १ २ ३ ४ मा महिला उधमशिलता बिभिन्न प्रकारका अचार बनाउने तालिममा कार्यक्रममा रु ५ लाख र बैजनाथ वडा नं ५ ६ ७ ८ मा महिला उधमशिलता बिभिन्न प्रकारका अचार बनाउने तालिम कार्यक्रममा रु ५ लाख विनियोजन गर्ने ।

ग) समृद्धिका लागि वन परियोजना शिर्षकबाट बैजनाथ वडा नं ३ मा भोले बावा मन्दीर तटवन्धन कार्यक्रममा रु २ लाख रकमान्तर गर्ने ।

घ आधारभुत स्वास्थ्य केन्द्र वडा नं ४ को भवन निर्माणका लागि अपुग रकम रु ३९००००। गाउँपालिकाको ट्रष्ट र संरचना निर्माण ठेक्का नं ९ बाट वचेको रकमबाट रकमान्तर गर्ने ।

ङ वैजनाथ गाउँपालिकाको प्रशासकीय भवनको छतमा टायल राख्ने र जेनरेटर राख्न ट्रष्ट निर्माणमा रु ५०००००। आवधिक योजनाको प्रगति समिक्षा तथा पुनरावोलकन शिर्षकबाट रकमान्तर गर्ने र निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट ४००००० रकमान्तर गर्ने ।

२१. प्रस्ताव नं २१ माथि छलफल गर्दा यस बैजनाथ गाउँपालिकाले आ.व. २०७७/७८ मा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यबस्थित बसोबासीहरुको संकलन गरिएकामा सो लगत संकलन गर्ने समयमा जानकारी नपाएर वा यस क्षेत्रका धेरै घरपरिवार कामकाजका लागि भारत जाने गर्ने भएको हुँदा यस्ता परिवारका लगत छुट हुन गएको जनगुनासो साथै सम्बन्धित वडाहरुका सिफारिसका आधारमा यस गाउँपालिका क्षेत्रभित्रका कोही पनि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीहरु यस अबसरबाट नछुटुन भन्नका लागि पुनः छुट भएकाहरुको हकमा लगत संकलन गर्न ३५ दिने सूचना प्रकाशनका लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति, बाँके मार्फत श्री भूमि समस्या समाधान आयोग, ताहाचललाई अनुरोध गर्ने निर्णय गरियो ।